# ग्रामीण सडकमा दुर्घटनाको जोखिम बढ्दो



तस्बिर : बाबुराम देवकोटा

**सदरमुकाम सिन्धुलीमाढीबाट क्षमताभन्दा बढी यात्रु बोकेर ग्रामीण क्षेत्रमा जाँदै गरेको सवारीसाधन ।**

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, कात्तिक ११ गते*

सिन्धुलीमा चाडपर्वका बेला यात्रुको भिडभाडसँगै ग्रामीण क्षेत्रका सडकमा सवारी दुर्घटनाको जोखिम बढेको छ।

गत असोजको बाढीपहिरोका कारण भत्किएर जीर्ण बनेका ग्रामीण सडकमा सवारीसाधनले क्षमताभन्दा बढी यात्रु बोक्नाले दुर्घटनाको जोखिम बढेको हो। जीर्ण सडकमा चल्ने बोलेरो जिप, बसलगायतका यातायातका साधनले क्षमताभन्दा बढी यात्रु बोक्दा जोखिम बढेको स्थानीयको गुनासो छ।

स्थानीयका अनुसार जिल्ला सदरमुकाम सिन्धुलीमाढीबाट ग्रामीण क्षेत्रका सबै सडकमा नियमित बस सेवाको सुविधा छैन। ती सडकमा चारपाङ्ग्रे बोलेरो जिप नै एक मात्र सवारीसाधनका रूपमा निर्बाध सञ्चालन हुँदै आएका छन्। ती बोलेरो जिपले ढुवानी गर्ने उपभोग्य सामग्रीसँगै कोचाकोच यात्रु पनि बोक्दा जोखिम बढेको हो।

ध्याङलेख गाउँपालिका–३ निवासी सञ्जय तामाङले पिपलभन्ज्याङ–अमले–बस्तीपुर सडकमा सञ्चालन हुने बोलेरो जिपले जोखिमपूर्ण तरिकाले यात्रु बोकिरहेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "बोलेरो जिपमा सामान पनि उति नै हुन्छ। त्यसमाथि मानिसको चापले खुट्टा राख्ने ठाउँ पाउन पनि मुस्किल पर्छ। ज्येष्ठ नागरिक र बालबालिकालाई त अहिले ग्रामीण सडकको यात्रा सास्ती नै छ।"

यात्रुको चापसँगै ती सवारीसाधनले भाडा पनि जथाभाबी लिने गरेको स्थानीयको गुनासो छ। राष्ट्रिय राजमार्गको पहुँच नपुगेका ग्रामीण क्षेत्रका सडकमा सञ्चालन हुने बोलेरो जिपलगायतका यातायातका साधनलाई अहिले क्षमताभन्दा बढी यात्रु बोक्नु बाध्यता बनेको छ।

बिपी राजमार्ग, मदन भण्डारी राजमार्ग र मध्यपहाडी लोकमार्ग हुँदै जिल्लाका ग्रामीण क्षेत्रका सडकमा सवारीसाधन सञ्चालन भइरहेका छन् तर ती सवारीसाधनले राजमार्गका ठाउँ ठाउँमा राखिएका प्रहरी चेकपोस्टमा बस्ने प्रहरीकै मिलेमतोमा क्षमताभन्दा बढी यात्रु बोकिरहेको सुनकोशी गाउँपालिका–७, मझुवाका तिलकबहादुर कार्की बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "सिन्धुलीमाढीबाट मझुवा आउँदा बिपी राजमार्गको हिरापानीमा प्रहरीको चेकपोस्ट छ तर त्यहाँ प्रहरीले गाडी रोकेर जाँच गरे जस्तो गर्छ, उनीहरूकै आँखाअगाडि गाडीले क्षमताभन्दा बढी सामान र यात्रु बोकेर हिँड्छ।" ग्रामीण क्षेत्रका सडकमा सवारीसाधन जाँचको भरपर्दो व्यवस्था नहुँदा कष्टकर यात्रा बन्ने गरेको उहाँको गुनासो छ।

सदरमुकाम सिन्धुलीमाढीदेखि मझुवासम्म सञ्चालन हुने एक बोलेरो जिपका चालकले भन्नुभयो, "गाडी देखेपछि सबै चढ्न खोज्छन्। हामीले कसलाई चढ भन्नु, कसलाई नचढ भन्नु। क्षमताभन्दा बढी बोक्नु बाध्यता छ।" ग्रामीण क्षेत्रका सडकमा पर्याप्त सवारीसाधन सञ्चालन नहुँदा गाडीमा यात्रुको चाप बढेको उहाँको भनाइ छ।

जिल्ला ट्राफिक कार्यालय सिन्धुलीले भने जिल्लाबाट छुट्ने तथा भित्रिने सवारीसाधनमा निगरानी बढाएको भन्दै क्षमताभन्दा बढी यात्रु बोक्नेलाई कारबाही गर्दै आएको कार्यालयले जनाएको छ।


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**दिवाकर स्मृति बहुप्राविधिक शिक्षालय**
माडी–६, चितवन

**सामान्य चिकित्सा तर्फको वैकल्पिक/पास सूचीको भर्ना सम्बन्धी सूचना**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुर अन्तर्गत आ.व. २०८१।०८२ मा नेपाल सरकारको बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम देश भरिका दलित, मुस्लिम, विपन्न र सीमान्तकृत समुदायका छात्रछात्राहरूबाट डिप्लोमा/प्रमाण पत्र तह अन्तर्गत सामान्य चिकित्सा कार्यक्रममा मिति २०८१।०६।२३ गतेको भर्ना प्रक्रिया सम्बन्धी सूचना अनुसार सफल मुख्य प्रशिक्षार्थीहरूको मिति २०८१।०७।११ गतेसम्म भर्ना गर्ने समयावधि भएकोमा सो मिति सकिएकाले तपसिलको लक्षित वर्गको बाँकी रिक्त कोटामा उत्तीर्ण प्रतीक्षा सूचीमा रहेका प्रशिक्षार्थीहरूबाट २०८१/०७/१६ गते र सो दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्टसम्म भर्नाका लागि निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

**कार्यक्रम : सामान्य चिकित्सा**

| क्र.सं. | लक्षित वर्ग कोटा | रिक्त कोटा | कैफियत |
|---|---|---|---|
| १ | विपन्न | ३ | |

**नोटः** शिक्षालयभन्दा टाढा पहुँच रहेका प्रशिक्षार्थीहरूले शिक्षालयको आधिकारिक email: **dmtsmadi@gmail.com** मार्फत आवश्यक कागजात तथा निवेदन पेश गर्न सक्नुहुनेछ।

**थप जानकारीका लागि** : शिक्षालयको website: **www.dmtsctevt.org.np**,
**Phone no.** : 9855039122, 9855039123, 9855039124

**शिक्षालय प्रमुख**


फाँट १

**श्री चितवन जिल्ला अदालतबाट जारी भएको तपसिल बमोजिमका प्रतिवादीहरूको नाउँको २१ दिने समाह्वान/इतलायनामा सूचना।**

उप्रान्त वादी स्व. रण बहादुर सुवेदीकी छोरा बुहारी, स्व. टेक बहादुर सुवेदीकी पत्नी चितवन जिल्ला भ.म.न.पा.–१२ बस्ने वर्ष ७६ की अमृता सुवेदी र प्रतिवादी खिम बहादुर खड्का समेत भएको ०८०–CP–०१०४ को राजीनामाको लिखत बदर, यिनै वादी प्रतिवादी भएको ०८०–c४–००४६ को जालसाजी मुद्दा, यिनै वादी र प्रतिवादी देवी खत्री समेत भएको ०८०–CP–०१०५ को राजीनामाको लिखत बदर तथा ०८०–C४–००४७ को जालसाजी मुद्दाहरूमा मिति २०८१।७।८ मा यस अदालतबाट भएको आदेशानुसार तपाईंहरूका नाउँमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ११४ र २८२ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६२ बमोजिम यो म्याद सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रमाण सहित आफैं वा कानून बमोजिमको प्रतिनिधि मार्फत प्रतिउत्तर लिई यस अदालतमा उपस्थित हुनुहोला। म्यादभित्र यस अदालतमा नआई म्याद गुजारी बसेमा कानून बमोजिम हुनेछ। पछि तपाईंको कुनै उजुर लाग्ने छैन। **तपसिल**

बल बहादुर खड्काकी छोरी, मान बहादुर खत्रीकी छोरा बुहारी, गणेश बहादुर खत्रकीकी पत्नी, बागलुङ जिल्ला, पैयुपाटा–८ को हाल परिवर्तित ऐ. बागलुङ नगरपालिका वडा नं. १३ बस्ने अ. वर्ष ४९ की देवी खत्री (निजको हकमा ०८०–CP–०१०५ को राजीनामाको लिखत बदर तथा ०८०–C४–००४७ को जालसाजी मुद्दामा) ... १

अम्मर बहादुर खड्काको नाति, मिन बहादुर खड्काको छोरा, बागलुङ जिल्ला मालिका–७ को हाल परिवर्तित ऐ. बागलुङ नगरपालिका वडा नं. ५ बस्ने अ. वर्ष ५६ का खिम बहादुर खड्का (निजको हकमा माथि उल्लिखित चारै वटा मुद्दाहरूमा) ... १

**इति संवत् २०८१ साल कात्तिक महिना १२ गते रोज २ शुभम्।**

**विशेष प्रकृतिका निवेदन शाखा**

**श्री झापा जिल्ला अदालतबाट जारी भएको**

**भक्त दनुवारको नाति बाबुलाल दनुवारको छोरा झापा साविक बाहुण्डागी गा.वि.स. वडा नं. ४ हाल ऐ. परिवर्तित मेचीनगर न.पा वडा नं. २ बस्ने हस्तिलाल दनुवारको मृत्युको न्यायिक घोषणा सम्बन्धी हकवाला नाउँको ७ (सात) दिनको म्याद।**

प्रस्तुत विषयमा जिल्ला झापा, साविक बाहुण्डागी गा.वि.स. वडा नं. ४ हाल ऐ. परिवर्तित मेचीनगर न.पा. वडा नं. २ बस्ने लछुमन दनुवार, शिवु दनुवार, प्रेमलाल दनुवार र मनिपलाल दनुवार समेतले हामीहरूको दाजु/भाइ हस्तिलाल दनुवार मिति २०५८ सालमा स्कुल जाने क्रममा बेपत्ता भई आफ्ना मानिस लगायत सबै इष्टमित्रकहाँ सम्पर्क गर्दा समेत हालसम्म पनि फेला नपरेको हुँदा निजको मृत्युको न्यायिक घोषणा गरी पाऊँ भनी यस अदालतमा निवेदन दिएकोमा उक्त निवेदनमा यस अदालतबाट मिति २०७८।१२।२२ गते भएको आदेशानुसार हस्तिलाल दनुवारको नाउँको ७ (सात) दिने म्याद पत्रिकामा प्रकाशित गरिएको छ। हस्तिलाल दनुवार जीवित भई मृत्युको न्यायिक घोषणा गर्नु नपर्ने कारण भए यो म्याद प्रकाशित भएको ७ (सात) दिनभित्र यस अदालतमा हाजिर हुन आउनुहोला। अन्यथा कानून बमोजिम हुनेछ।

**इति संवत् २०८१ साल कात्तिक १२ गते रोज २ शुभम् ........।**

फाँट–१ (राजन) ०७९–CP–२१६२, लेनदेन

**श्री पर्सा जिल्ला अदालतबाट जारी भएको**

**श्री पर्सा जिल्ला अदालतबाट जारी भएको तपसिलमा उल्लिखित प्रतिवादीको नाउँको इतलायनामा/समाह्वान।**

उप्रान्त वादी जिल्ला, रौतहट गा.वि.स. इनरुवारी वडा नं. ४ घर भई हाल जिल्ला पर्सा, वीरगञ्ज महानगरपालिका वडा नं. १६ मा बस्ने घोघन बैठाको नाति, नारायण बैठाको छोरा वर्ष ७२ को देवधारी बैठाले तपाईंको नाउँमा मिति २०७९/११/१० गते लेनदेन मुद्दाको फिराद पत्र यस अदालतमा दिएको हुनाले तपाईंको नाउँमा जारी गरी म्याद बेपत्ते तामेल भएकाले यस अदालतको मिति २०८१/०४/१७ गतेको आदेशानुसार यो म्याद जारी गरी प्रकाशित गरिएको छ। यो म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ दिन भित्रमा प्रतिउत्तर पत्र र कानून बमोजिम हाजिर हुन आफैं आउनू वा कानून बमोजिम वारिस वा कानून व्यवसायी पठाउन सूचित गरिन्छ। म्यादभित्र प्रतिउत्तर पत्र लिई तपाईं आफैं वा वारिस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने सो मुद्दामा कानून बमोजिम फैसला हुनेछ। भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन। **तपसिल**

**जिल्ला बारा, गा.वि.स. पिपरा वडा नं. २ हाल जिल्ला बारा, बारागढी गाउँपालिका वडा नं. १ मा बस्ने दुलारचन्द्र पण्डितको छोरा अ. वर्ष ४० को शंकर पण्डित कुमाल** ...... १

मुद्दा नं.: ०८०–C४–०३०१/३२ मुद्दा :– चेक अनादर, फाँट : फाँट १

**श्री धनुषा जिल्ला अदालतबाट प्रतिवादीको नाममा पुनः जारी भएको म्याद/इतलायनामा।**

**धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ बलबा टोलमा बस्ने राम चन्द्र शर्माको छोरा, प्रतिवादी दिनेश शर्मा भुमिहारका नामको इतलायनामा/समाह्वान** ... १

उप्रान्त तपाईं दिनेश शर्मा भुमिहारको नाउँमा मिति २०८०।०९।२३ मा धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा. वडा नं. ९ बस्ने वजरंग कुमार यादवले चेक अनादर मुद्दाको फिराद पत्र यस अदालतमा दिएको र सो फिराद पत्रमा उल्लेख भएको वतनमा तपाईंको नाउँको म्याद बेपत्ते तामेल भई प्राप्त हुँदा यस अदालतको मिति २०८१।०७।०७ गतेको आदेशानुसार यो म्याद प्रकाशनका लागि पठाइएको छ। यो म्याद/इतलायनामा प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काइस) दिन भित्रमा प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आफैं आउनू वा कानून बमोजिम वारिस वा कानून व्यवसायी पठाउनुहुन सूचित गरिएको छ। म्यादभित्र प्रतिउत्तर पत्र लिई तपाईं आफैं वा वारिस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने सो मुद्दामा कानून बमोजिम फैसला हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन।

**इति संवत् २०८१ साल कात्तिक महिना १२ गते रोज २ शुभम् ...।**

## प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौँडा**
प्रशासन तथा अनुगमन शाखा

**सूचना नं. १२०/०८१-८२, सूचना प्रकाशन मितिः २०८१/०७/१२ गते**

बागमती प्रदेश तथा स्थानीय तहका विभिन्न सेवा समूहका अप्राविधिक, प्राविधिक पदहरूमा जेष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा, अन्तर तह र खुला तथा समावेशी तर्फको विज्ञापनको सूचना तपसिल बमोजिम प्रकाशन गरिएको छ। विज्ञापन सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटः ppsc.bagamati.gov.np मा प्रकाशन गरिएको छ।

**प्रदेश निजामती सेवाका (अप्राविधिक/प्राविधिक) अधिकृत सातौँ तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचनाः**

| क्र.सं. | ब.सू.नं. | तह | सेवा, समूह, उपसमूह, पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | २१/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौँ वा सो सरह | २ |
| २ | २२/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | ५ |
| ३ | २३/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | १ |
| ४ | २४/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | १ |
| ५ | २५/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/इरिगेशन/ इन्जिनियर | १ |
| ६ | २६/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/ इन्जिनियर | २ |
| ७ | २७/०८१-८२ | ७ | इन्जिनियरिङ/मेकानिकल/जनरल मेकानिकल/मेकानिकल इन्जिनियर | १ |
| ८ | २८/०८१-८२ | ७ | कृषि/कृषि प्रसार/कृषि प्रसार अधिकृत | १ |
| ९ | २९/०८१-८२ | ७ | कृषि/बागवानी/बागवानी विकास अधिकृत | १ |
| १० | ३०/०८१-८२ | ७ | कृषि/ला.पो.डे.डे./पशु विकास अधिकृत | १ |
| ११ | ३१/०८१-८२ | ७ | वन/जनरल फरेष्ट्री/सहायक वन अधिकृत | २ |
| १२ | ३२/०८१-८२ | ७ | वन/स्वा.एण्ड वा.क./भू संरक्षण अधिकृत | १ |

**प्रदेश निजामती सेवाका (अप्राविधिक/प्राविधिक) अधिकृत सातौँ तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचनाः**

| क्र.सं. | ब.सू.नं. | तह | सेवा, समूह, उपसमूह, पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | ३३/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौँ वा सो सरह | २ |
| २ | ३४/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | ४ |
| ३ | ३५/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | १ |
| ४ | ३६/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | १ |
| ५ | ३७/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/इरिगेशन/इन्जिनियर | १ |
| ६ | ३८/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/इन्जिनियर | १ |
| ७ | ३९/०८१-८२ | ७ | इन्जिनियरिङ/जियोलोजी/हाइड्रोजियोलोजी/हाइड्रोजियोलोजिष्ट | १ |
| ८ | ४०/०८१-८२ | ७ | कृषि/कृषि प्रसार/कृषि प्रसार अधिकृत | १ |
| ९ | ४१/०८१-८२ | ७ | कृषि/बागवानी/बागवानी विकास अधिकृत | १ |
| १० | ४२/०८१-८२ | ७ | कृषि/मत्स्य/ मत्स्य विकास अधिकृत | १ |
| ११ | ४३/०८१-८२ | ७ | कृषि/एगृ इन्जिनियरिङ्ग/कृषि इन्जिनियर | १ |
| १२ | ४४/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौँ वा सो सरह | १ |
| १३ | ४५/०८१-८२ | ७ | वन/जनरल फरेष्ट्री/सहायक वन अधिकृत | २ |

**स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) अधिकृत सातौँ तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचनाः**

| क्र.सं. | ब.सू.नं. | तह | सेवा, समूह, उपसमूह, पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | ४६/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | १ |
| २ | ४७/०८१-८२ | ७ | कृषि/विभिन्न/कृषि अधिकृत सातौँ वा सो सरह | १ |
| ३ | ४८/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | ४ |
| ४ | ४९/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौँ वा सो सरह | २ |

**स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) अधिकृत सातौँ तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचनाः**

| क्र.सं. | ब.सू.नं. | तह | सेवा, समूह, उपसमूह, पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | ५०/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौँ वा सो सरह | १ |
| २ | ५१/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | १ |
| ३ | ५२/०८१-८२ | ७ | कृषि/विभिन्न/कृषि अधिकृत सातौँ वा सो सरह | १ |
| ४ | ५३/०८१-८२ | ७ | कृषि/ला.पो.डे.डे./ पशु विकास अधिकृत | १ |
| ५ | ५४/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | ४ |
| ६ | ५५/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | १ |
| ७ | ५६/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौँ वा सो सरह | २ |

**प्रदेश निजामती सेवा (अप्राविधिक/प्राविधिक) तथा स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) अधिकृत सातौँ/आठौँ तहका पदहरूको अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापनः**

| क्र.सं. | विज्ञापन नम्बर | तह | सेवा, समूह, उपसमूह, पद | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ३४/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | प्रदेश | अ.त. | १ |
| २ | ३५/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौँ वा सो सरह | प्रदेश | खुला | ३ |
| ३ | | ७ | | स्थानीय | खुला | १ |
| ४ | | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | प्रदेश | खुला. | ६ |
| ५ | | ७ | | स्थानीय | खुला | १ |
| ६ | ३६/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौँ वा सो सरह | प्रदेश | महिला | १ |
| ७ | | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | प्रदेश | महिला | २ |
| ८ | ३७/०८१-८२ | ७ | प्रशासन/सामान्य प्रशासन/अधिकृत सातौँ वा सो सरह | प्रदेश | आ.ज. | १ |
| ९ | | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | प्रदेश | आ.ज. | १ |
| १० | ३८/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | स्थानीय | दलित | १ |
| ११ | ३९/०८१-८२ | ७ | प्रशासन/लेखा/लेखा अधिकृत सातौँ वा सो सरह | प्रदेश | थारू | १ |
| १२ | ४०/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | अ.त. | १ |
| १३ | ४१/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | खुला | ४ |
| १४ | | ७ | इन्जिनियरिङ/सिभिल/इरिगेशन/इन्जिनियर | प्रदेश | खुला | १ |
| १५ | | ७ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/इन्जिनियर | प्रदेश | खुला | २ |
| १६ | ४२/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | प्रदेश | महिला | १ |
| १७ | | ७ | इन्जिनियरिङ/सिभिल/हाइड्रोपावर/इन्जिनियर | प्रदेश | महिला | १ |
| १८ | | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | महिला | १ |
| १९ | | ७ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/इन्जिनियर | प्रदेश | महिला | १ |
| २० | ४३/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/इन्जिनियर | प्रदेश | आ.ज. | १ |
| २१ | | ७ | इन्जिनियरिङ/सिभिल/इरिगेशन/इन्जिनियर | प्रदेश | आ.ज. | १ |
| २२ | | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | आ.ज. | १ |
| २३ | ४४/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/जनरल/इन्जिनियर | स्थानीय | मधेशी | १ |
| २४ | ४५/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | स्थानीय | अ.त. | १ |
| २५ | ४६/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | प्रदेश | खुला | २ |
| २६ | | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | स्थानीय | खुला | १ |
| २७ | ४७/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | स्थानीय | आ.ज. | १ |
| २८ | ४८/०८१-८२ | ७ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आर्क./इन्जिनियर | प्रदेश | दलित | १ |
| २९ | ४९/०८१-८२ | ७ | इन्जिनियरिङ/मेकानिकल/जनरल मेकानिकल/मेकानिकल इन्जिनियर | प्रदेश | खुला | १ |
| ३० | ५०/०८१-८२ | ७ | इन्जिनियरिङ/मेकानिकल/जनरल मेकानिकल/मेकानिकल इन्जिनियर | प्रदेश | आ.ज. | १ |
| ३१ | ५१/०८१-८२ | ७ | इन्जिनियरिङ/जियोलोजी/हाइड्रोजियोलोजी/ हाइड्रोजियोलोजीस्ट | प्रदेश | महिला | १ |
| ३२ | ५२/०८१-८२ | ७ | कृषि/कृषि प्रसार/कृषि प्रसार अधिकृत | प्रदेश | अ.त. | १ |
| ३३ | ५३/०८१-८२ | ७ | कृषि/एगृ इको एण्ड मार्केटिङ/वरिष्ठ कृषि अर्थ विज्ञ | प्रदेश | खुला | १ |
| ३४ | | ७ | कृषि/कृषि प्रसार/कृषि प्रसार अधिकृत | प्रदेश | खुला | १ |
| ३५ | | ७ | कृषि/बागवानी/बागवानी विकास अधिकृत | प्रदेश | खुला | १ |
| ३६ | | ७ | कृषि/विभिन्न/कृषि अधिकृत सातौँ वा सो सरह | स्थानीय | खुला | १ |
| ३७ | ५४/०८१-८२ | ७ | कृषि/बागवानी/बागवानी विकास अधिकृत | प्रदेश | महिला | १ |
| ३८ | ५५/०८१-८२ | ७ | कृषि/विभिन्न/कृषि अधिकृत सातौँ वा सो सरह | स्थानीय | थारू | १ |
| ३९ | ५६/०८१-८२ | ७ | कृषि/ला.पो.डे.डे./ पशु विकास अधिकृत | स्थानीय | अ.त. | १ |
| ४० | ५७/०८१-८२ | ७ | कृषि/ला.पो.डे.डे./ पशु विकास अधिकृत | प्रदेश | महिला | १ |
| ४१ | ५८/०८१-८२ | ७ | कृषि/ला.पो.डे.डे./ पशु विकास अधिकृत | स्थानीय | दलित | १ |
| ४२ | ५९/०८१-८२ | ७ | वन/जनरल फरेष्ट्री/सहायक वन अधिकृत | प्रदेश | खुला | २ |
| ४३ | ६०/०८१-८२ | ७ | वन/जनरल फरेष्ट्री/सहायक वन अधिकृत | प्रदेश | अपाङ्ग | १ |
| ४४ | ६१/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौँ वा सो सरह | स्थानीय | खुला | २ |
| ४५ | ६२/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौँ वा सो सरह | स्थानीय | महिला | १ |
| ४६ | ६३/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौँ वा सो सरह | स्थानीय | आ.ज. | १ |
| ४७ | ६४/०८१-८२ | ७ | शिक्षा/शिक्षा प्रशासन/शिक्षा अधिकृत सातौँ वा सो सरह | प्रदेश | दलित | १ |
| ४८ | ६५/०८१-८२ | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | प्रदेश | खुला | २ |
| ४९ | | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | स्थानीय | खुला | १ |
| ५० | ६६/०८१-८२ | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | प्रदेश | महिला | १ |
| ५१ | ६७/०८१-८२ | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | प्रदेश | आ.ज. | १ |
| ५२ | ६८/०८१-८२ | ८ | कृषि/भेटेरिनरी/पशु चिकित्सक | स्थानीय | दलित | १ |

**द्रष्टव्यः उपरोक्त विज्ञापनको दरखास्त दिने मिति तथा परीक्षा मिति लगायतको विस्तृत सूचना आयोगको वेबसाइटमा प्रकाशन हुनेछ।**